# स्थानीय राजपत्र

**सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ४) सैनामैना नगरपालिका, २४ भाद्र २०७७ साल (संख्या ४**


**भाग–२**

**सैनामैना नगरपालिका, रूपन्देही**

**कार्यविधिको नाम : सैनामैना नगरपालिकाको कोभिड–१९ संकट व्यवस्थापन नियमावली, २०७७**

**प्रस्तावना :** विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को माहामारीलाई सैनामैना नगरपालिका भित्र रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी सैनामैना नगर कार्यपालिकाले यो नियमावली बनाई लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो नियमावलीको नाम **"सैनामैना नगरपालिकाको कोभिड-१९ संकट व्यवस्थापन नियमावली, २०७७"** रहेको छ ।

(२) यो नियमावली सैनामैना नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो नियमावली सैनामैना नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) **"नगरपालिका"** भन्नाले सैनामैना नगरपालिका सम्झनु पर्दछ ।

(ग) **"नगर कार्यपालिका"** भन्नाले सैनामैना नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) **"प्रमुख"** भन्नाले सैनामैना नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) **"उपप्रमुख"** भन्नाले सैनामैना नगरपालिकाको  नगर उप प्रमुखलाई सम्झनु पर्दछ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सैनामैना नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "**समिति**" भन्नाले नियम ३ बमोजिमको गठित कोभिड-१९ संकट व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ज) "**राजनैतिक दल**" भन्नाले प्रदेश स्तरीय मान्यता प्राप्त नगर क्षेत्रभित्र क्रियाशिल राजनैतिक दललाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कोभिड-१९ संकट व्यवस्थापन समिति सम्वन्धि व्यवस्थाः

**३. समिति गठन :** सैनामैना नगर कार्यपालिकाले तपशिलको नगरपालिका स्तरीय कोभिड-१९ संकट व्यवस्थापन समिति गठन गर्नेछ ।

१. नगर प्रमुख - अध्यक्ष
२. नगर उपप्रमुख - सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४. सवै वडाका वडा अध्यक्षहरु - सदस्य
५. १ जना महिला सहित कार्यपालिका सदस्य २ जना - सदस्य
६. नगरस्तरीय राजनैतिक दलका प्रमुख/प्रतिनिधि २/२ जना - सदस्य
७. ईलाका प्रहरी कार्यालयका प्रमुख १/१ जना गरी २ जना - सदस्य
८. सैनामैना उद्योग वाणिज्य संघ प्रमुख/प्रतिनिधि - सदस्य
९. सैनामैना व्यापार संघ प्रमुख/प्रतिनिधि - सदस्य
१०. होटल तथा रेष्टुरेन्ट व्यवसायी संघ प्रमुख/प्रतिनिधि - सदस्य
११. नेपाल रेडक्रस सोसाइटी सैनामैना प्रमुख/प्रतिनिधि - सदस्य
१२. उपभोक्ता हित संरक्षण मन्च सैनामैना प्रमुख/प्रतिनिधि - सदस्य

१३. नगरपालिका भित्र क्रियाशिल पत्रकारहरु मध्येवाट १ जना - सदस्य
१४. शिक्षा शाखा प्रमुख - सदस्य
१५. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
१६. स्वास्थ्य शाखा प्रमुख - सदस्य
१७. सैनामैना विपद् व्यवस्थापन समितिको सदस्य सचिव- सदस्य
१८. जिन्सी शाखा प्रमुख/कर्मचारी - सदस्य
१९. नगरपालिकाले तोकेको अधिकृत कर्मचारी -सदस्य सचिव

समितिमा आवश्यकता अनुसार सम्वन्धित क्षेत्रको विज्ञ वा अन्य व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार :** सैनामैना कोभिड-१९ संकट व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) कोभिड-१९ को माहामारी नियन्त्रणका लागि आवश्यकता अनुसार वैठक वस्ने ।

ख) कोभिड-१९को माहामारीको व्यवस्थापनका लागि छुट्टै आकस्मिक कोषको व्यवस्था गरी कार्यान्वयन गर्ने ।

ग) कोभिड-१९को माहामारी सम्वन्धि कार्यक्रमहरुको स्वीकृत, सन्चालन र व्यवस्थापन गर्ने ।

घ) समितिवाट भएका निर्णयहरु कार्यान्वयन गर्नका लागि नगरपालिकामा पेश गर्ने ।

ङ) नगरपालिका भित्र सन्चालित क्वारेन्टीन, आईसोलेसन, औषधी, जनशक्ति लागायत अन्य सामाग्री जस्ता विषयमा व्यवस्थापन गर्ने ।

च) जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको निर्णयलाई कार्यान्वयन गर्ने ।

छ) कोभिड-१९ संकट व्यवस्थापनमा स्रोतको कमी भएमा संघ, प्रदेश र अन्य संघ संस्था, निकाय तथा व्यक्तिहरुसंग समन्वय गरी स्रोतको व्यवस्थापन गर्ने ।

ज) उपप्रमुखको नेतृत्वमा नगरपालिका स्तरीय अनुगमन, निरीक्षण र सहजीकरण गर्ने ।

झ) वडा अध्यक्षको नेतृत्वमा वडा स्तरीय अनुगमन, निरीक्षण र सहजीकरण व्यवस्था मिलाउने ।

ञ) स्वास्थ्य शाखा प्रमुखको नेतृत्वमा क्वारेन्टीन, आईसोलेसन, एम्बुलेन्स संचालन, कोभिड-१९ को परिक्षण गर्ने व्यवस्था मिलाउने ।

ट) टोल विकास सस्थाका पदाधिकारीहरुलाई टोल स्तरीय अनुगमन, निरीक्षण र सहजीकरणका लागि परिचालन गर्ने ।

ठ) कोरोना संक्रमणको कारणवाट कुनै व्यक्तिको मृत्यु हुन गई अन्यत्र शव व्यवस्थापन हुन नसकेमा सम्वन्धित वडाले शव व्यवस्थापनको लागि जग्गा व्यवस्था गर्ने ।

## परिच्छेद-३

## विविधः

**५. क)** यो नियमावली लागु भए पछि २०७६ साल चैत्र ११ गते पछि भए गरेका कोभिड-१९ सम्वन्धि कार्यहरु पनि यसै नियमावली वमोजिम भए गरेको मानिने छ ।

**ख)** विशेष परिस्थितिमा सामाग्रीहरु आपूर्ति गर्नु पर्दा सार्वजनिक खरिद ऐन र नियमावलीको विशेष परिस्थितिमा गर्ने खरिद कार्यको अवलम्वन गरी गर्ने ।

**६. यो नियमावली नेपालको संविधान, संघीय कानून तथा प्रदेश कानून संग वाझिएमा वाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।**

**७. थपघट, हेरफेर र संशोधनः** नगर कार्यपालिकाले यस नियमावलीको आवश्यक थपघट, हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

प्रमाणीकरण मितिः २०७७/०५/२४

आज्ञाले
**टेकराज पन्थी**
प्रमुख प्रशासकीय अधिकृत